(स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा १०२ उपदफा १०३ संग सम्बन्धित )

बागमती नगरपालिका

# बागमती नगरपालिकाको राजपत्र

खण्डः १ संख्याः१९ मितिः २०७५/९/१५

भाग-१

## रकेट चुलो अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

नगरसभाबाट स्वीकृत मिति : २०७५।९।०६
नगरप्रमुखबाट प्रमाणीकरण मिति : २०७५।९।१०
राजपत्रमा प्रकाशन मिति : २०७५।९।१५

आ.व. २०७५।७६ को स्वीकृत विनियोजित बजेट अन्तर्गत बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम ( सुधारिएको चुलो सहित) सञ्चालन गर्न निश्चित विधि र प्रकृया आवश्यक भएकोले बागमती नगरपालिकाको नगरसभाबाट यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**रकेट चुलो अनुदान कार्यक्रम सञ्चालन कार्यविधि , २०७५**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “नगरपालिका” भन्नाले बागमती नगरपालिका सम्झनु पर्दछ ।

(ख) “नगरसभा” भन्नाले बागमती नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले बागमती नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्दछ ।

(घ) “नगरप्रमुख ” भन्नाले बागमती नगरपालिकाको नगरप्रमुख सम्झनु पर्दछ ।

(ङ.) “उप्रमुख ” भन्नाले बागमती नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(च) “केन्द्र” भन्नाले नेपाल सरकार , उर्जा तथा जलस्रोत मन्त्रालय बैकल्पिक उर्जा केन्द्र सम्झनु पर्दछ ।

(छ) “ नविकरणीय उर्जा अनुदान कार्यविधि,२०७३” भन्नाले केन्द्रको नविकरणीय उर्जा अनुदान कार्यविधि,२०७३ सम्झनु पर्दछ ।

(ज) “वडा कार्यालय” भन्नाले नगरपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

(झ) “ रकेट चुलो ” भन्नाले घरायसी क्षेत्रमा खाना पकाउने प्रयोजनको लागि पुर्ण वा आंशिक रुपमा रकेटको शिद्धान्तमा आधारित फलामे पाताबाट बनेको एक वा दुई मुखे किफायती चुलो सम्झनु पर्दछ ।

ञ) “ चुलो ” भन्नाले रकेट चुलो भन्ने सम्झनु पर्ने छ ।

ट) “ उपभोक्ता ” भन्नाले चुलो प्राप्त गर्न योग्य लाभाग्राही घर धुरी सम्झनु पर्ने छ ।

ठ) “ कम्पनी ” भन्नाले चुलो उपलब्ध गराउन योग्यता प्राप्त केन्द्रमा सुचिकृत प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी सम्झानु पर्नेछ ।

ड) “ निर्देशन समिति” भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठित समति सम्झनु पर्दछ ।

## परिच्छेद १
## अनुदान परिचालन तरिका

३) अनुदान परिचालन गर्ने तरिका देहाय बमोजिम रहनेछ :

१) कम्पनी छनौट गर्न उपभोक्ता स्वतन्त्र रहने छन् ।

२) उपभोक्ताले कम्पनीबाट प्राप्त गरेको रकेट चुलो प्राप्त गरेको भर्पाइ प्रमाणित गर्नु पर्ने छ ।

३) उभोक्ताले रकेट चुलो प्राप्त गरेको भर्पाइको आधारमा प्रति घर एक रकेट चुलोको निर्देशन समितिले निर्देशन गरे बमोजिमको कुल लागतको १५ प्रतिशत रकम अनुदान वापत सम्बन्धित कम्पनीलाई नगरपालिकाले उपलब्ध गराउने छ ।

४)सम्बन्धित कम्पनीले बांकी अनुदान रकम नविकरणीय उर्जा अनुदान कार्यविधि,२०७३ मा व्यवस्था भएका प्रवधानहरु पालना गरी बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा दावी गरेमा नगर प्रमुखले सिफारिश गर्न सक्ने छ ।

५) सम्बन्धित कम्पनीले अनुदान दावी गर्दा तपिशिल बमोजिम अनुसुची १ मा उल्लेखित अनुदान दावी सम्बन्धी निवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्ने छ ।

६) अनुसुची १ मा उल्लेखित अनुदान दावी सम्बन्धी निवेदन प्राप्त भए पछि सम्बन्धित वडा समितिको बैठक वसी आवश्यक कागजात केलाइ अनुदान रकम किटान गरि निर्देशन समिति समक्ष सिफाशि गर्नु पर्ने छ । त्यसरी सिफारिश गर्दा वडा कार्यालयमा पेश भएका सम्पुर्ण कागजात सम्बन्धित वडा अध्यक्षले प्रमाणित गरि अनुसुची २ बमोजिम सिफारिश साथ पेश गर्नु पर्ने छ ।

७) सम्बन्धित कम्पनीले प्राप्त गर्ने अनुदान रकम तपशिल बमोजिम हुने छ :

| सि.न. | अनुदान उपलब्ध गराउने निकाय | प्रतिशत |
|---|---|---|
| १. | नविकरणीय उर्जा अनुदान कार्यविधि,२०७३ बमोजिम (केन्द्र) | कुल लागतको ५० ( पचास) प्रतिशत |
| २. | नगरपालिका | कुल लागतको १५( पन्ध्र) प्रतिशत |

८) सम्बन्धित कम्पनीले अनुदान रकम दावी गर्दा देहायको कागजात पेश गर्नु पर्ने छ :

क) उपभोक्ताले चुलो बुझेको भर्पाई

ख) चुलोको गुणस्तर र वारेण्टी प्रमाणपत्र

ग) केन्द्रमा सुचिकृत कागजात तथा सम्झौता पत्र

घ) केन्द्रले निर्धारण गरेको सन्दर्भ मुल्य सूचिको कागजात

ड.) अनुदान दावी गर्ने अनुसुची १ बमोजिमको निवेदन

## परिच्छेद २
## निर्देशन समिति सम्बन्धी व्यवस्था

४) निर्देशन समिति : १) सम्बन्धित कम्पनीले दावी गरेको नगरपालिकाले ब्यहोर्ने अनुदान वापतको रकम भुक्तानी गर्न तपशिलको एक अनुदान निर्देशन समिति रहने छ :

क) नगर प्रमुख : संयोजक

ख) उपप्रमुख : सदस्य

ग) सम्बन्धित वडाको वडा अध्यक्षहरु : सदस्य

घ) नगरप्रमुखले तोकेको नगरकार्यपालिका सदस्य : सदस्य सचिव

५) निर्देशन समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिम रहनेछ ।

क) सम्बन्धित कम्पनीको दावी प्रमाणको सत्य तथ्य पत्ता लगाउने ।

ख) सत्य तथ्यको आधारमा नगरपालिकाको तर्फबाट सम्बन्धित कम्पनीलाई अनुदान वापतको रकम भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखलाई निर्देशन दिने ।

ग) कुनै पनि समयमा यस कार्यक्रमको अनुगमन गर्ने ।

घ) रकेट चुलो उपलब्ध नगराई अनुदान रकम दावी गरेको पाइएमा दावी गरेको वा उपलब्ध गराइएको रकमको २०० प्रतिशत रकम सम्बन्धित कम्पनीबाट जरिवाना असुल उपर गर्न निर्देशन दिने ।

ङ.) निर्देशन समितिले दिएको निर्देशन पालना गर्नु प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको कर्तब्य हुने छ ।

च) निर्देशन समितिले अनुदान वापत नगरपालिकाबाट भुक्तानी गर्न निर्देशन दिदा कुल लागत मूल्यको १५ प्रतिशत हुने छ । चुलोको लागत मुल्य केन्द्रको मुल्य सन्दर्भ सूची भन्दा बढी हुने छैन्।

## परिच्छेद ३
## विविध

६) चुलोको अधिकतम मुल्य : रकेट चुलोको अधिकतम मुल्य केन्द्रले प्रकाशित गरेको मुल्य सन्दर्भ सुची भन्दा बढी हुने छैन् ।

७) चुलोको गुणस्तर : केन्द्रले निर्धारण गरेको गुणस्तर बमोजिम हुनु पर्ने छ

८) वील जारी गर्नु पर्ने : सम्बन्धित कम्पनी आफुले वितरण गरेको कुल चुलो संख्याको कुल लागत मुल्यको नगरपालिकाबाट प्राप्त गर्ने १५ प्रतिशत वरारको वील सम्बन्धित वडाका उपभोक्ताहरुको नाममा एकमुष्ट जारी गर्न सक्नेछ । निर्देशन समितिले भुक्तानीको लागि निर्देशन दिंदा बढीमा ५ ( पांच) प्रतिशत रकम सम्बन्धित कम्पनीको नाममा चुलो वितरण गरेको वढीमा १( एक) वर्ष सम्म नगरपालिकाको धरौटी खातामा राख्न वा सो वरार रकम भुक्तानी रोक्का राख्न निर्देशन दिन सक्ने छ ।

९) कर तिर्न सम्बन्धित कम्पनी जिम्मेवार हुने : कम्पनीले कानून बमोजिमको कर तिर्नु पर्ने छ । कर नतिरेमा सम्बन्धित कम्पनी जिम्मेवार हुने छ ।

१०) कम्पनीले सम्झौता गर्नु पर्ने : कम्पनीले बैकल्पिक उर्जा केन्द्रले निर्धारण गरे बमोजिम उपभोक्ता संग सम्झौता गर्नु पर्ने छ ।

११) बाधा अडकाउ फुकाउ : यस कार्यविधिको पालनामा कुनै बाधा अडकाउ भए निर्देशन समितिले वाधा अड्काउ फुकाउने छ ।

१२) विविध :

१) २०७५ भाद्र महिना देखि उपभोक्ताले प्राप्त गरेको चुलोको हकमा यो कार्यविधि लागु हुने छ ।

२) कम्पनीलाई अनुदान वापतको रकम उपलब्ध गराउने नगराउने सम्बन्धमा निर्णय र निर्देशन गर्ने अधिकार निर्देशन समितिमा निहित रहने छ ।

३) नविकरणीय उर्जा अनुदान कार्यविधि,२०७३ यस कार्यविधिको ब्यख्याको मुल शिद्धान्तको रुपमा रहने छ ।

४) यस कार्यविधि यस प्रयोजनको लागि ऐन सरह मान्य हुने छ ।

५)आ.व. २०७५।७६ को यथार्थ बजेट रकम अपार्यप्त भइ अनुदान वापतको रकम नगरपालिकाबाट कम्पनीको नाममा उपलब्ध हुन नसकेमा आगामी आ.व.( २०७६।७७) को बजेटमा समावेश गरि उपलब्ध गराउन बाधा पर्ने छैन् ।

अनुसुची १

अनुदान दावी सम्बन्धी निवेदन

मिति :

विषय : अनुदान रकमको लागि सिफारिश गरी दिन हुन ।

श्री ..................वडा कार्यालय
बागमती नगरपालिका
......................सर्लाही ।

केन्द्रमा सुचीकृत यस कम्पनीबाट त्यस वडा अन्तर्गतका संलग्न उपभोक्ताहरुलाई विभिन्न मितिमा गरी जम्मा ........ थान रकेट चुलो वितरण गरेको हुंदा सो वापत प्रति एकाई मुल्य मुल्य अभिबृद्धि कर सहित..................रहेको र यस कम्पनीले वितरण गरेको कुल मुल्य...................वरावरको रकममा १५ प्रतिशत रकम यस कम्पनीको नाममा अनुदान वापत उपलब्ध गराई दिन निर्देशन समिति समक्ष सिरफारिश गरि दिन हुन अनुरोध छ ।

| |
|---|
| १)कार्यक्रमको नाम : |
| २)वितरित चुलो संख्या : |
| ३)प्रति इकाई चुलोको मुल्य : |
| ४)चुलोको जम्मा मुल्य : |
| ५)केन्द्रको अनुदान( ५० प्रशित) : |
| ६) नगरपालिका अनुदान ( १५ प्रशित) : |

माथि उल्लेखित अनुदान वापतको रकम दोहोरो पर्ने गरि भुक्तानी लिइने छैन् । अनुगमन गर्दा चुलो उपलब्ध नभएको पाइएमा र वितरित चुलो भन्दा वढी भुक्तानी लिएको र केन्द्रले निर्धारण गरेको अधिकतम मुल्य सुची भन्दा वढी मुल्य कायम गरेको छैन् , कुनै कारणवस यस निवेदनमा उल्लेखित विषय भन्दा फरक पर्न गएमा यस कम्पनी जिम्मेवार हुने छ ।

दस्तखत

## अनुसुची २
## अनुदान रकम सिफारिश फाराम

विषय : अनुदान रकमको लागि सिफारिश गरीएको वारे ।

श्री निर्देशन समिति
बागमती नगरपालिका ।
......................सर्लाही ।

यस वडा अन्तर्गतका उपभोक्ताहरुले आफै स्वतन्त्ररुपमा कम्पनी छनौट गरी केन्द्रमा सुचीकृत................................................ कम्पनीबाट विभिन्न मितिमा गरी जम्मा ..................थान रकेट प्राप्त गरेका हुंदा र सो वापत प्रति एकाई मुल्य मुल्य अभिबृद्धि कर सहित..................रहेको र वितरण गरेको कुल मुल्य...................वरावरको रकममा १५ प्रतिशत रकम अनुदान वापत ..................................................उपलब्ध गराई दिन निर्देशन समिति समक्ष सिरफारिश गरिएको ब्यहोरा अनुरोध छ ।

| |
|---|
| १)कार्यक्रमको नाम : |
| २)वितरित चुलो संख्या : |
| ३)प्रति इकाई चुलोको मुल्य : |
| ४)चुलोको जम्मा मुल्य : |
| ५)केन्द्रको अनुदान( ५० प्रशित) : |
| ६) नगरपालिका अनुदान ( १५ प्रशित) : |

दस्तखत
वडा अध्यक्ष

आज्ञाले,
विमल कुमार पोखरेल
नि. प्रमुख प्रशासकीय अधिकृत